प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

(संस्कृति तथा पुरातत्व महाशाखा)

**कोशी प्रदेश, विराटनगर,नेपाल**

पत्र संख्या: २०७९।०८०
चलानी नं:

मिति: २०८०/०२/२८

श्रष्टा सम्मान तथा प्रोत्साहन – २०७९ / २०८० सम्बन्धी सूचना

प्रकाशित मिति -२०८०/०२/२८

चालु आ. व २०७९ / ८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम विगत वर्षहरु झैं यस बर्ष पनि कोशी प्रदेशभित्र रही भाषा, साहित्य, कला र संस्कृतिका क्षेत्रमा योगदान गर्नु हुने ख्यातिप्राप्त श्रष्टाहरुलाई सम्मान तथा नवोदित प्रतिभाहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम रहेको हुँदा श्रष्टा सम्मान सम्बन्धी कार्यविधि, २०७९ को अनुसूचि १ बमोजिम भाषा, साहित्य, कला र संस्कृतिका क्षेत्रमा कार्यरत श्रष्टा तथा नवोदित प्रतिभाहरुले आफ्नो व्यक्तिगत विवरण यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको ढाँचामा पेश गर्न सकिने छ । श्रष्टा सम्मान सम्बन्धी कार्यविधि, २०७९ यस मन्त्रालयको website www.mosd.koshi.gov.np मा राखिएको छ। विवरण आफैं उपस्थित भई सामाजिक विकास मन्त्रालयमा, मन्त्रालयको ईमेल ठेगाना mosdprov1@gmail.com वा सम्वन्धित शाखाको ईमेल ठेगाना culture2080@gmail.com मा पेश गर्न सकिने छ ।

फणिन्द्र खत्री
उपसचिव
उप-सचिव

# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, भाद्र ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क ३१


## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## पर्यटन तथा संस्कृति मन्त्रालयको सूचना

## श्रष्टा सम्मान सम्बन्धि कार्यविधि, २०७९

<u>प्रस्तावना:</u> प्रदेशभित्र भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याई रहेका ख्याति प्राप्त श्रष्टाहरुलाई सम्मान तथा नवोदित प्रतिभाहरुलाई प्रोत्साहन गर्न आवश्यक भएकाले,

आन्तरिक मामिला तथा ... ालय, प्रदेश नं. १

प्रदेश सरकार, मन्त्रिपरिषद्ले प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम "**श्रष्टा सम्मान सम्बन्धी कार्यविधि,२०७९**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"सिफारिस समिति"** भन्नाले दफा ५ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ।

(ख) **"नवोदित प्रतिभा"** भन्नाले भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा साधनारत चालीस वर्ष भन्दा कम उमेर समूहका प्रतिभालाई सम्झनु पर्दछ।

(ग) **"प्रदेश"** भन्नाले प्रदेश नं १लाई सम्झनु पर्दछ।

(घ) **"पुरस्कार तथा सम्मान"** भन्नाले सर्वोत्कृष्ट भाषा, साहित्य, कला र संस्कृति सम्मान', उत्कृष्ट भाषा, साहित्य, कला र संस्कृति सम्मान' र 'नवोदित भाषा, साहित्य, कला र संस्कृति पुरस्कार' सम्झनु पर्दछ।

(ङ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं १ को संस्कृति सम्बन्धी काम हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(च) **"श्रष्टा"** भन्नाले प्रदेशभित्र भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याईरहेका ख्याति प्राप्त व्यक्ति सम्झनु पर्दछ।

३. <u>पुरस्कार तथा सम्मानको क्षेत्र</u>: (१) राष्ट्र भाषामा लेखिएका काव्य, कविता, आख्यान, निबन्ध, समलोचना तथा सो क्षेत्रमा गरेको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसन्धानको आधारमा भाषा तथा साहित्य पुरस्कार तथा सम्मान गरिनेछ।

(२) चित्रकला, मुर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला तथा प्रतिस्थापन कला मार्फत पुऱ्याएको योगदानको आधारमा ललितकला पुरस्कार तथा सम्मान गरिनेछ।

(३) नाटक लेखन, सङ्गीत, नृत्य, निर्देशन तथा अभिनय मार्फत पुऱ्याएको योगदानको आधारमा नाटक, सङ्गीत र चलचित्र पुरस्कार तथा सम्मान गरिनेछ।

(४) इतिहास, संस्कृति, भाषा/लिपिको खोज, अध्ययन, अनुसन्धान तथा जगेर्नामा उल्लेख्य योग्दान गरेको आधारमा पुरस्कार तथा सम्मान गरिनेछ।

(५) यस दफा बमोजिम पुरस्कार तथा सम्मान गर्दा सम्भव भएसम्म सबै विधालाई समेट्नु पर्नेछ।

४. <u>पुरस्कार तथा सम्मानको आधारः</u> (१) यस कार्यविधि बमोजिम पुरस्कार तथा सम्मान गर्न सिफारिस गर्दा देहाय बमोजिमको आधार लिएर गर्नुपर्नेछः

(क) सम्मानित हुने श्रष्टा तथा नवोदित प्रतिभाहरुको छनोट गरी सिफारिस गर्दा निश्पक्षता, समावेशिता, भौगोलिकता, भाषागत तथा विधागत योगदानमा आधारित भएको हुनु पर्दछ।

(ख) सम्मानित तथा प्रोत्सहान गरिने श्रष्टा तथा नवोदित प्रतिभाहरु प्रदेशभित्र रही भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा श्रृजना तथा साधनारत रहेको हुनु पर्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ग) सम्मानित तथा प्रोत्साहित हुने व्यक्तिहरु प्रदेशमा स्थायी रुपमा वसोवास भएको नेपाली नागरिक हुनु पर्दछ।

(घ) सम्मान तथा पुरस्कारको लागि सिफारिस गर्दा निजको कृतिहरु प्रकाशित भएको तथा उक्त क्षेत्रमा साधनारत रहेको हुनुपर्दछ

(ङ) सम्मान तथा पुरस्कारको लागि छनौट गरी सिफारिस गर्दा व्यक्तिगत विवरणलाई पनि आधार लिनु पर्नेछ।

(च) प्रदेश सरकारबाट एक पटक एक विधामा श्रष्टा सम्मान प्राप्त गरेकालाई पुनः सोही विधामा सम्मान तथा पुरस्कृत गरिने छैन।

(छ) सम्मानको लागि छनौट गरी सिफारिस गर्दा श्रष्टाको न्यूनतम उमेर ४० बर्ष र सम्बन्धित विधामा कम्तिमा १५ बर्ष साधनारत हुनु पर्दछ। तर नवोदित प्रतिभाहरुको हकमा भने उमेर ४० बर्ष भन्दा कम र सम्बन्धित विधामा कम्तीमा ५ वर्ष साधनारत भएको हुनु पर्दछ।

(ज) श्रष्टा छनौट समितिले श्रष्टाहरुको नाम छनौट गरी मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ र मन्त्राललले सम्मान तथा पुरस्कार प्रदान गर्ने व्यक्तिहरुको अन्तिम नामावली सार्वजनिक गर्नेछ।

५. <u>सिफारिस समितिः</u> (१) पुरस्कार तथा सम्मान प्रदान गर्न उपयुक्त प्रतिभाको छनौट गरी सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ।

(क) मन्त्री, मन्त्रालय -संयोजक

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको सचिव -सदस्य

(ग) प्रदेश सचिव, मन्त्रालय -सदस्य

(घ) मन्त्रीले मनोनयन गरेका भाषा, साहित्य क्षेत्रमा ख्याती प्राप्त एकजना महिला सहित २ जना -सदस्य

(ङ) मन्त्रीले मनोनयन गरेका कला, संस्कृति क्षेत्रमा ख्याती प्राप्त एकजना महिला सहित २ जना -सदस्य

(च) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठकमा विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ।

(३) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

(४) समितिको सचिव मन्त्रालयको सम्बन्धित शाखाको शाखा प्रमुख हुनेछ

(५) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

(६) समितिको सचिवालय मन्त्रालयको संस्कृति तथा पुरातत्व शाखामा रहनेछ।

(७) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ।

(८) समितिको बैठक वस्दा संयोजक तथा सदस्यहरुले प्रचलित कानून बमोजिम वैठक भत्ता प्राप्त गर्नेछन्।

६. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> (१) दफा ५ बमोजिम गठित सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(क) यस कार्यविधि बमोजिम सम्मान तथा पुरस्कृत गरिने श्रष्टाहरुको छनौट गर्न सूचना प्रकाशन गर्ने।

(ख) सम्मानित तथा पुरस्कृत हुने श्रष्टाहरुले पुऱ्याउनु भएको योगदानको विवरण संकलन गर्ने।

(ग) तोकिएको समय भित्र सम्मानित तथा पुरस्कृत हुने श्रष्टाहरुको विवरण संकलन गरी सर्वोत्कृष्ट भाषा, साहित्य, सम्मानको लागि एक जना, सर्वोत्कृष्ट कला र संस्कृति सम्मानको लागि एक जना, उत्कृष्ट भाषा, साहित्य, कला र संस्कृति सम्मानका लागि बाह्र जना र 'नवोदित भाषा, साहित्य, कला र संस्कृति पुरस्कारका लागि ५ जना नवोदित प्रतिभाको छनौट गरी निर्णयका लागि प्रदेश सरकार(मन्त्रिपरिषद्)मा सिफारिस गर्ने।

(घ) श्रष्टाको सम्मान तथा पुरस्कृत गर्न मन्त्रालयललाई आवश्यक नीतिगत सुझाव दिने।

७. सूचना प्रकाशन गर्नु पर्ने:(१) दफा ५ को उपदफा (१) बमोजिमको समितिले सम्मानित एवं पुरस्कृत गर्ने श्रष्टाहरु छनौट गर्नलाई मन्त्रालयको वेभ साइट तथा राष्ट्रिय दैनिक पत्रिकामा पन्ध्र दिने सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुचना प्रकाशन भएपछि भाषा, साहित्य, कला तथा संस्कृतिको क्षेत्रमा साधनारत श्रष्टाले आफ्नो कृति वा पुऱ्याएको योगदानको विवरण सहित मन्त्रालयमा अनुसूची १ को ढाचाँमा निवेदन दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

८. <u>सम्मान तथा पुरस्कारको संख्या र राशी</u> (१) यस कार्यविधि बमोजिम प्रदान गरिने श्रष्टा सम्मान तथा पुरस्कृत संख्या र राशि देहाय बमोजिम हुनेछः

(क) एक लाख रुपैयाँ राशीको सर्वोत्कृष्ट भाषा, साहित्य सम्मान पुरस्कार, एक जनालाई

(ख) एक लाख रुपैया राशीको सर्वोत्कृष्ट कला र संस्कृति सम्मान पुरस्कार, एक जनालाई।

(ग) पचास हजार रुपैयाँ राशीको उत्कृष्ट भाषा, साहित्य, कला र संस्कृति सम्मान तथा पुरस्कार, बाह्र जनालाई।

(घ) पच्चीस हजार रुपैयाँ राशीको नवोदित भाषा, साहित्य, कला र संस्कृति पुरस्कार, पाँच जनालाई।

९. <u>सम्मानित हुने श्रष्टाको अन्तिम नामावली</u>: (१) यस कार्यविधि बमोजिम सम्मानित तथा पुरस्कृत हुने श्रष्टाहरुको प्रदेश सरकार(मन्त्रिपरिषद्)बाट निर्णय भएपछि नामावली मन्त्रालयले प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्तिम नामावली प्रकाशन गर्दा सम्मानित तथा पुरस्कृत हुने मिति समय र स्थान समेत खुलाउनु पर्नेछ।

१०. <u>बाधा अड्काउ फुकाउने</u>: यो कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा वा द्विविधा परेमा यस कार्यविधि र प्रचलित कानूनको प्रतिकूल नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची १

### (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

१ श्रष्टाको नाम थर –

२ जन्म मिति –

३ स्थायी ठेगाना -

प्रदेश.................. जिल्ला .......... गा प \ न पा ....................

४ सम्पर्क ठेगाना ...................... फोन नं ..........................

ई मेल...............

५ विधा..................

६ प्रकाशित भए कृतिहरुको नाम

७ सम्बन्धित श्रष्टाहरुको योगदान

| क. स | विवरण | योगदान | कैफियत |
|---|---|---|---|
| १ | सम्बन्धित क्षेत्रमा निरन्तरता समय | | |
| २ | सम्बन्धित क्षेत्रमा पुर्याएको योगदान | | |
| ३ | राष्ट्रिय पुरस्कार प्राप्त गरेको भए | | |
| ४ | शैक्षिक उपाधी | | |
| ५ | सम्बन्धित विधा बाहेक अन्य कुनै क्षेत्रहरु भए | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

८ कुनै सम्मान \पुरस्कार प्राप्त भएका भए विवरण :

९ नागरिकताको छाँया प्रति -

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

स्वीकृत मितिः- २०७९/०५/३१

आज्ञाले,
सुरेश न्यौपाने
प्रदेश सचिव